# 'कम कार्बन उत्सर्जन हुने क्षेत्रमा लगानी आवश्यक'

काठमाडौं, १२ साउन (कास): न्यून कार्बन उत्सर्जन हुने ऊर्जा, वनपैदावर तथा पर्यटन क्षेत्रलाई नेपालको विकासमा प्रतिस्पर्धी क्षेत्रको रूपमा औंल्याइएको छ । कार्बनलगायत हरितगृह ग्यास उत्सर्जनका कारण अन्य क्षेत्रभन्दा यी क्षेत्र प्रतिपर्स्धी रहेको नीति-निर्माता तथा अध्येताहरूले बताएका हुन् ।

बेलायतस्थित ओभरसिज डेभलपमेन्ट इन्स्टिच्युट (ओडीआई) र साउथ एसिया वाच अन ट्रेड इकोनोमिक्स एन्ड एन्भायरोन्मेन्ट (सावती) द्वारा काठमाडौंमा आयोजना कार्यक्रममा न्यून तथा मध्यम आय हुने देशहरूले कार्बन प्रभावी विश्वमा कसरी प्रतिस्पर्धी क्षमता बढाउने भन्ने सम्बन्धमा छलफल भएको थियो । 'कार्बन प्रभावी विश्वमा नयाँ अवसर र चुनौती'का सम्बन्धमा भएको




छलफलमा हरित आर्थिक वृद्धिदरलाई प्रोत्साहन गर्ने क्षेत्रमा प्रतिस्पर्धी क्षमता विकास गर्नुपर्ने र नेपालमा जलविद्युत् लगायत नवीकरणीय ऊर्जा, वन पैदावार र पर्यटनमा सम्भावना औंल्याइएको हो ।

सावतीका कार्यकारी निर्देशक रत्नाकर अधिकारीका अनुसार विश्वव्यापी जलवायु परिवर्तनको असर न्यूनीकरण गर्दै सो अनुकूलको प्रतिस्पर्धी क्षमता विकास गर्न आवश्यक छ । ओडीआईकी निजी क्षेत्र तथा बजार हेर्ने कार्यक्रम प्रमुख करेन एलिसले जलवायु परिवर्तनको असर न्यूनीकरणसम्बन्धी नीति तर्जुमा गर्नुपर्नेमा जोड दिंदै नेपालले आफ्नो प्राकृतिक सम्पन्नताबाट लाभ लिनुपर्ने बताइन् ।

सावती र ओडीआईले अनुसन्धान गरी सार्वजनिक गर्ने तयारी गरिरहेको प्रतिवेदनले पर्यटन, वन पैदावार र ऊर्जा क्षेत्रका सम्भावना उजागर गर्ने सावतीका अध्यक्ष डा. पोषराज पाण्डेले जानकारी दिए ।